OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क ३0
माघ २५, २०७२

ओपन माईक नेपाल बुलेटिनको तीसौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरुलाई उपलब्ध गराउनु र उनीहरु मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# सवाल

## यार्सा मिर्गे, दोलखा

"सरकारले जाडोको लागि भनेर दिने भनिएको १० हजार कुन चराको नाम भन्ने जस्तो भइसक्यो। यस गाविसमा अझै १० हजार पाइएको छैन। जाडोले मान्छे मरेपछि मात्र दिने हो की।"

## आमभञ्ज्याङ, मकवानपूर

"गाविस सचिवले भनेको अहिले जाडोको लागि वितरण गरिने भनिएको १० हजार रकम समूद्र सतहदेखि १५ सय मिटर माथिका पीडितलाई मात्र वितरण गर्ने भन्ने परिपत्र आएकोले हामीले नपाएको रे।"



# जवाफ

जाडोमा न्यानो लुगा किन्न सरकारले दिने भनेको रु १0 हजार अझै पनि केहि जिल्लाका गाउँ विकास समिति (गाविस) का पीडितले पाएका छैनन्।

दोलखाको मिर्गे गाविस सचिवका अनुसार १२३७ परिवार रहेकोमा ८४0 परिवारलाई मात्र पुग्ने पैसा आएको थियो। मिर्गे गाविसको १ वडा नं. देखि बाँड्ने सहमति भएकोले वडा नं. ६ सम्म मात्र वितरण गर्न रकम पुगेकोले बाँकीमा बाँडिएन।

मकवानपूरको आमभञ्ज्याङ गाविसमा न्यानो लुगा किन्न भनेर दिने भनिएको रकम अहिले सम्म निकासा भएको छैन। गाविस सचिवका अनुसार रकम निकासा भएपछि १५ सय मिटर माथि रहेका वडाहरूलाई प्राथमिकता दिँदै रकम बाँडिनेछ।

जिल्ला दैवि प्रकोप उद्दार समिति दोलखा र मकवानपूरले थप रकमको लागि गृह मन्त्रालयलाई पत्र पठाइसकेको जानकारी दिएको छ।

मन्त्रालयले थप रकम निकासा कहिलेसम्म हुन्छ भनेर यकिनका साथ भन्न सकेन। थप रकमको लागि प्रधानमन्त्रीको कार्यालयमा पत्र पठाइसकेको जानकारी दिइएको छ।

मन्त्रालयबाट रकम प्राप्त भएपछि नपुगेको ठाउँमा वितरण कार्य शुरु हुनेछ।

देवेन्द्र लामिछाने
प्रमूख जिल्ला अधिकारी
दोलखा
९८५४0१७७७७

युवराज पौडेल
गाविस सचिव
आमभञ्ज्याङ
मकवानपूर
९८५५0२९५८५

बाबुराम भण्डारी
उप-सचिव
राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र
गृह मन्त्रालय
९८५११३४२४

# सवाल

## सूर्यमति, नुवाकोट

“हामीले पाउने कुरा पनि सरकारले दिएन । अर्थमन्त्रीले पुरस्कार लिइसके तर हाम्रो हालत जस्ताको त्यस्तै ।”

## देउपुर, काभ्रेपलाञ्चोक

“अब सरकारले कुनै बहाना बनाएर घोषणा गरेको रकम नै दिँदैन रे हो ।”



## मंगलटार, काभ्रेपलाञ्चोक

“जाडोको लागि दिने भनिएको रु १० हजार धेरै ढिला गरी आयो । अब दिने भनिएको अनुदान नि अरू जिल्लाहरूमा घर बनिसकेपछि मात्र हामीले पाउने हो कि सबैले संगै पाउँछन् ?”

## महादेवस्थान, काभ्रेपलाञ्चोक

“अब सरकारले घर बनाउन भनेको पैसा बर्षापछि मात्रै दिने रे हो ?”

# जवाफ

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माण अनुदान सर्वेक्षणको तथ्यांक प्राप्त भई विश्लेषण गरेपछि वितरण गर्ने योजना बनाएको छ । तर यसका लागि ११ वटै जिल्लाको तथ्यांक भने प्राधिकरणले कुर्ने छैन । जुन जिल्ला वा गाविसहरूका समूह (क्लष्टर) बाट पहिले तथ्यांक आउँछ, त्यहि ठाउँको तथ्यांक विश्लेषण गरी अनुदान वितरण कार्य अघि बढाइनेछ ।

केन्द्रिय तथ्यांक विभागले ११ वटा जिल्लामा सर्वेक्षणको काम शुरु गरिसकेको छ । दोलखामा सर्वेक्षणको काम लगभग अन्तिम चरणमा पुगेको छ । प्राधिकरणले तथ्यांक आएपछि दोलखामा अनुदान पाउनेहरूको सूची तयार गर्नेछ ।

प्राधिकरणले अनुदान रकम कहिलेबाट वितरण हुन्छ भनेर भने घोषणा गरेको छैन । वितरण अघि प्राधिकरणले अनुदान योग्यताको मापदण्ड तयार गर्दै वितरण कार्यविधि संशोधन गर्नेछ । त्यसपछि हरेक जिल्लामा अनुदान पाउन योग्य परिवारको सूची तयार गरिनेछ; कोहि–कसैलाई चित्त नबुझे उजुरी गर्ने समय दिइनेछ । योग्य परिवारले त्यसपछि बैंक खाता खोलेर अनुदानका लागि निवेदन दिनु पर्नेछ ।

मधुसुदन अधिकारी
प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९७५१०६०५५६

# हल्ला

## मंगलटार, काभ्रेपलाञ्चोक

"सरकारले अब घर बनाउनको लागि गाउँमा नै इन्जिनियर र सरकारको नै मान्छे पठाउँछन् रे हो ?"

## बडालगाउँ, काभ्रेपलाञ्चोक

"अब फेरि इन्जिनियरहरूबाट दोहोऱ्याएर घर जाँच कार्य हुँदै छ रे। अब इन्जिनियरहरूले घर-घरमा आएर लगेको विवरणको आधारमा घर बनाउने रकम प्राप्त हुन्छ रे। अबको विवरण अनुसार पुनः निर्माणको लागि सहयोग हुने हुनाले पहिला राहत कार्य भएकाहरूले झुटो विवरणको आधारमा पन्ध्र हजार र दश हजार लिएता पनि घर बनाउने रकम चाँहि पाइँदैन रे भन्ने हल्ला चलेको छ।"



## शहरे, दोलखा

"यो अहिले इन्जिनियरको टोलीले निरिक्षण गरेपछि फेरि अर्को टोली आउँछ रे अनि मात्र घरको लागि पैसा दिन्छ भन्ने सुनिन्छ।"

## पाँचखाल, काभ्रेपलाञ्चोक

"कसलाई कस्तो घर बनाउनुपर्छ भन्ने हेर्न इन्जिनियरको टोली आएको छ रे। पक्की घर भएकाले लिएको राहात सरकारले अब फिर्ता लिने रे भन्छन्।"

# यथार्थ

सरकारले भूकम्प बाट क्षति भएको घरको पुनर्मुल्याङ्कन पौषबाट शुरु गरिसकेको छ। केन्द्रिय तथ्यांक विभागले ११ वटा अति प्रभावित क्षेत्र (काठमाण्डू, भक्तपुर र ललितपुर बाहेक) मा इन्जिनियर र सामाजिक परिचालकको टोली पठाउन थालिसकेको छ।

सर्वेक्षणको काम बैशाखको दोस्रो हप्तासम्म सकिने अपेक्षा गरिएको छ। उक्त सर्वेक्षणमा घरपरिवारलाई भूकम्पमा क्षति भएको घर, क्षति, परिवारिक सदस्य, भूकम्पका कारण मृत्यु र घाइते भएका, आदि सम्बन्धि विस्तृत प्रश्न सोधिनेछ।

यसरी प्राप्त तथ्यांकको आधारमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आवास पुनर्निर्माण अनुदान पाउन योग्य परिवारको सूची तयार गर्नेछ। पुनर्निर्माण अनुदान वितरण यसअघि बाँडिएको भूकम्प पीडित परिचय पत्रका आधारमा मात्रै हुनेछैन।

भूकम्प पीडित परिचय पत्र पाएपनि अनुदान पाउनेको सूचीमा नपरे यसभन्दा अघि लिएको रकम फिर्ता गर्नुपर्छ वा पर्दैन भनेर अहिलेसम्म निर्णय भएको छैन।

रुद्र सुवाल
उप-महासचिव
केन्द्रिय तथ्यांक विभाग
९८४१२३२७७३

# हल्ला

## गोरखा बजार, गोरखा

"भूकम्पमा ज्यान गुमाएकाहरूको परिवारलाई सरकारी रोजगारी सेवा र नयाँ राज्यबाट प्राप्त हुने अन्य अवसरहरूमा विशेष आरक्षणको सुविधा हुने रे भन्ने हल्ला छ।"



## चण्डेनि, काभ्रेपलाञ्चोक

"भूकम्पमा चिसोले मृत्यु भएका परिवारले राहत स्वरुप भूकम्पमै मरे बराबरको रकम पाउँछन् रे, हो ?"

# यथार्थ

सरकारले भूकम्पबाट ज्यान गुमाएका परिवारलाई सरकारी रोजगारी सेवा तथा अन्य अवसरमा विशेष आरक्षण दिने योजना बनाएको छैन।

पुनर्निर्माण र पुनर्लाभ कार्यक्रम अन्तर्गत भने सरकारले साझेदार संस्थाहरूसँग समन्वय गरेर प्रभावित जिल्लाका बासिन्दालाई सिपमूलक तालिम दिने योजना बनाएको छ।

नीजि विद्यालय जस्ता गैरसरकारी निकायहरूले भूकम्प प्रभावित जिल्लाका विद्यार्थीहरूलाई स्वइच्छामा छात्रवृति प्रदान गर्द आइरहेका छन्।

सरकारले जाडोबाट ज्यान गुमाएका व्यक्तिको परिवारलाई क्षतिपूर्ति प्रदान गर्ने निर्णय गरेको छैन। सञ्चारमाध्यमले जाडोको कारण भूकम्प पीडितको मृत्यु भयो भने पनि चिसोको कारणले मात्रै ज्यान गएको होइन।

सरकार र विश्व स्वास्थ्य संगठनद्वारा गरिएको छानविनका अनुसार चिसोका कारण भनिएको मृत्यु मृगौला, मुटु, श्वासप्रश्वास, आदि सम्बन्धि रोगका कारण भएको थियो।

**बलदेव गौतम**
प्रमुख जिल्ला अधिकारी
९८५६०५७७७७

**दामोदर अधिकारी**
विश्व स्वास्थ्य संगठन
९८०१०१००२२

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। माघ १३ गतेदेखि माघ २० गतेसम्म ७ जिल्लाका करिव ५६० जना स्थानीयवासीसँगका कुराकानी र सामुदायिक छलफल गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab | Local Interventions Group data driven development | Internews